# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना : राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

१२०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा २ मा संशोधन : राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएकोछ :-

"(घ) "मतदाता" भन्नाले देहायका पदाधिकारीहरु सम्झनु पर्छ :-

(१) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनको लागि प्रतिनिधि सभाका सदस्यहरु ।

(२) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ग) को प्रयोजनको लागि सम्बन्धित विकास क्षेत्रका गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख तथा जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु ।"

३. मल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेका "निर्वाचन अधिकृत" भन्ने शब्दहरु पछि "र आवश्यकता अनुसार सहायक निर्वाचन अधिकृतहरु" भन्ने शब्दहरु थपिएकाछन् ।

१२०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को उपदफां (२) मा रहेका "मतदाता नामावली" भन्ने शब्दहरु पछि "आयोगले निर्धारण गरेको मिति र समयमा" भन्ने शब्दहरु थपिएकाछन् ।

५. मल ऐनमा दफा ४क., ४ख., ४ग. र ४घ. थप : मूल ऐनको दफा ४ पछि देहायको दफा ४क., ४ख., ४ग. र ४घ. थपिएकाछन् :-

"४क. नाम समावेश गर्न दरखास्त दिने : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश हुन छुट भएको मतदाताले आफ्नो नाम समावेश गर्नको लागि तोकिएको ढाँचामा निर्वाचन अधिकृत समक्ष दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तका सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबूझ गरी दरखास्तको व्यहोरा ठीक देखिएमा निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

४ख. नाम वा अन्य व्यहोरा सच्याउन दरखास्त दिने : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम वा अन्य व्यहोरामा कुनै त्रुटी हुन गई त्यस्तो त्रुटी सच्याउनु पर्ने देखिएमा सम्बन्धित मतदाताले सच्याउनु पर्ने व्यहोरा खुलाई तोकिएको ढाँचामा निर्वाचन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

१२०६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्तको सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबूझ गरी मतदाताको नाम वा अन्य व्यहोरा वा कुनै त्रुटी सच्याउनु पर्ने देखिएमा सोही अनुसार मतदाता नामावलीमा सच्याउनु पर्नेछ ।

४ग, <u>मतदाताको विरोधमा उजुरी दिने</u> : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको योग्यता सम्बन्धमा विरोध गरी अन्य मतदाताले आयोगले तोकेको म्यादभित्र तोकिएको ढाँचामा निर्वाचन अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरीको सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गर्दा कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु पर्ने देखिएमा मतदाता नामावलीबाट निजको नाम हटाउनेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले मतदाता नामावलीबाट नाम हटाउनु अगावै सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनुपर्नेछ ।

४घ, <u>अन्तिम मतदाता नामावली</u> : दफा ४क., ४ख. र ४ग. बमोजिमको प्रकृया पूरा गरी निर्वाचन अधिकृतले तयार गरेको अन्तिम मतदाता नामावली आयोगले निर्धारण गरेको मिति र समयमा निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।"

१२०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. <u>मल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को उपदफा (५) पछि देहायको उपदफा (६), (७) र (८) थपिएकाछन् :-

"(६) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ बमोजिम दर्ता भएका राजनैतिक संगठन वा दलहरुले खडा गरेको उम्मेदवारको सम्बन्धमा सो संगठन वा दलले निजलाई औपचारिक पत्र समेत दिएको हुनु पर्नेछ र त्यस्तो औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो संगठन वा दलका पदाधिकारीले त्यस्तो पत्रको एक प्रति निर्वाचन अधिकृतलाई समेत पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम औपचारिक पत्र नभएको उम्मेदवारलाई राजनैतिक संगठन वा दलको उम्मेदवारको रुपमा मान्यता दिइनेछैन । त्यस्तो उम्मेदवारलाई स्वतन्त्र उम्मेदवारको रुपमा कायम गरिनेछ ।

(८) कुनै व्यक्तिलाई बढीमा पाँच मनोनयन पत्रद्वारा उम्मेदवार प्रस्ताव गरी मनोनयन गर्न सकिनेछ ।"

७. <u>मल ऐनको दफा १६ मा संशोधन</u> : मूल ऐनको दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) निर्वाचन गरिने सदस्य संख्या भन्दा उम्मेदवारको संख्या बढी भएमा मतदान हुनेछ ।"

८. <u>मल ऐनमा दफा १६क. थप</u> : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१६क. निर्वाचन चिन्ह : (१) उम्मेदवारहरुलाई निर्वाचन चिन्ह प्रदान गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ मा व्यवस्था भए बमोजिमका निर्वाचन चिन्हहरुको समूहबाट प्रत्येक उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा आयोगबाट मान्यता प्राप्त राजनैतिक संगठन वा दलको रुपमा दर्ता भएको राजनैतिक संगठन वा दलको उम्मेदवारलाई सो राजनैतिक संगठन वा दललाई आयोगले प्रदान गरेको निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

(३) आयोगबाट मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलको रुपमा दर्ता भएको राजनैतिक संगठन वा दलको उम्मेदवारलाई सो राजनैतिक संगठन वा दललाई आयोगले प्रदान गरेको निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

तर सो निर्वाचन चिन्ह प्राप्त गरेको राजनैतिक संगठन वा दलको उम्मेदवार नभएमा सो राजनैतिक संगठन वा दललाई प्रदान गरिएको निर्वाचन चिन्ह स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्न बाधा पर्नेछैन ।

(४) स्वतन्त्र उम्मेदवारलाई निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(५) कुनै राजनैतिक संगठन वा दलको उम्मेदवारलाई निर्वाचन चिन्ह वितरण गरिसकेपछि निज उम्मेदवारले सो राजनैतिक संगठन वा दल त्याग

१२०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको वा अर्को राजनैतिक संगठन वा दलमा प्रवेश गरेको अवस्थामा सो उम्मेदवारको निर्वाचन चिन्हमा परिवर्तन हुनेछैन।"

९. <u>मूल ऐनमा दफा १८क. र १८ख. थप</u> : मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. र १८ख. थपिएकाछन् :-

"१८क. <u>निर्वाचन प्रतिनिधि</u> : (१) कुनै उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यको लागि कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रतिनिधि नियुक्त गरेको वा उपदफा (२) बमोजिम प्रतिनिधिको नियुक्ति बदर गरी अर्को प्रतिनिधि नियुक्ति गरेको लिखित सूचना सम्बन्धित उम्मेदवारले निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

(४) उम्मेदवारको प्रतिनिधिले गरेको कामको सम्बन्धमा उम्मेदवार जिम्मेवार हुनेछ।

(५) उम्मेदवारको प्रतिनिधिको कार्यावधि निर्वाचन परिणामको घोषणा भएको मितिसम्म मात्र कायम रहनेछ।

१८ख. <u>उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम उम्मेदवार वा निजको प्रतिनिधि उपस्थिति रहनु पर्ने अवस्था वा स्थानमा उपस्थित नरहेमा वा निजहरुले गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने कुनै काम नगरेमा सोही कारणले मात्र मतदान वा मतगणनाको काम रोकिने छैन ।"

१०. <u>मुल ऐनको परिच्छेद-४ को शीर्षकमा संशोधन</u> : मूल ऐनको परिच्छेद-४ को शीर्षकमा रहेका "मतपत्र, मतपेटिका र मतदान" भन्ने शब्दहरुको सट्टा "मतपत्र, मटपेटिका, मतदान केन्द्र र मतदान" भन्ने शब्दहरु राखिएकाछन् ।

११. <u>मुल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) मतपत्रकों ढाँचा आयोगले तोके बमोजिम हुनेछ र मतपत्रमा प्रत्येक उम्मेदवारको नाम र निर्वाचन चिन्ह समेत रहनेछ ।"

१२. <u>मुल ऐनमा दफा २०क. थप</u> : मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएकोछ :-

"२०क. <u>मतदान केन्द्र</u> : (१) निर्वाचनको प्रयोजनको लागि आयोगले मतदान केन्द्रको स्थान तोक्नेछ ।

(२) मतदाताले आफ्नो नाम रहेको मतदान केन्द्रमा मतदान गर्नु पर्नेछ ।"

१३. <u>मुल ऐनको दफा २१ मा संशोधन</u> : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ :-

"२१. <u>मतदान गर्ने तरीका</u> : (१) मतदाताले मतपत्रमा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिन्हसंगै रहेको मतसंकेत गर्ने स्थानमा गोप्य तवरले उपदफा (२) बमोजिम प्राथमिकता जनाई मतदान गर्नु पर्नेछ ।

१२११



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मतदाताले जुन उम्मेदवारको पक्षमा आफ्नो पहिलो प्राथमिकताको मत दिने निश्चय गरेको छ सो उम्मेदवारको निर्वाचन चिन्हसंगै रहेको मत संकेत गर्ने स्थानमा १ अंक लेखी आफ्नो मत दिनुपर्नेछ । त्यसरी पहिलो प्राथमिकताको मत दिइसकेपछि मतदाताले चाहेमा अन्य उम्मेदवारको निर्वाचन चिन्हसंगै रहेको मत संकेत गर्ने स्थानमा दोस्रो प्राथमिकताको मत २ अंक लेखी मत दिन सक्नेछ । यसरी नै मतदाताले तेस्रो, चौथो वा सो पछिको प्राथमिकताको मत दिन चाहेमा सोही अनुसारको अंक लेखी आफ्नो मत दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राथमिकता तोकी मतदान गर्दा एउटै उम्मेदवारलाई एक भन्दा बढी प्राथमिकताको अंक लेखी वा एकभन्दा बढी उम्मेदवारहरुलाई एउटै प्राथमिकताको अंक लेखी आफ्नो मत दिनु हुँदैन ।"

१४. <u>मल ऐनमा दफा २२क. थप</u> : मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएकोछ :-

"२२क. <u>मतदान केन्द्रको अनधिकृत कब्जा</u> : (१) निम्न लिखित अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा

९२१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै उम्मेदवारको समर्थक मतदाताहरुलाई मतदान गर्न नदिएमा, वा

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदाताहरुलाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदानकेन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य संचालन गर्न खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढंगले संचालन नहुने वा हुन नसक्ने गरी प्रभावित पारेमा ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा त्यसको प्रतिवेदन निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो प्रतिवेदन र अन्य वस्तुस्थितिको आधारमा सो मतदान केन्द्रको मतदान रद्द गर्नसक्नेछ र समय तोक्न सक्नेछ ।"

१२१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) मतगणना गर्ने स्थानमा उम्मेदवार वा निजको प्रतिनिधि, मतगणना गर्ने काममा संलग्न कर्मचारीहरु र निर्वाचन अधिकृतले अनुमति दिएका व्यक्तिहरु उपस्थित रहन सक्नेछन् ।"

१६. मूल ऐनमा दफा ३१क. थप : मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थपिएकोछ :-

"३१क. अन्तिम रिक्त स्थानको पूर्ति : कुनै मतगणनाको अन्त्यमा कायम रहेको उम्मेदवारको संख्या र पूर्ति हुन बाँकी रिक्त स्थानहरुको संख्या बराबर हुन आएमा त्यस्तो उम्मेदवारले आवश्यक मत संख्या प्राप्त नगरेतापनि त्यसरी कायम हुन आएको उम्मेदवार निर्वाचित भएको मानिनेछ ।"

१७. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन परिणाम प्रकाशित गरेपछि निर्वाचित उम्मेदवारलाई आयोगले तोके बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।"

१८. मूल ऐनमा दफा ३७क. थप : मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७क. थपिएकोछ :-

"३७क. अधिकार प्रत्यायोजन : निर्वाचन अधिकृतले निर्वाचनको काममा खटाएको वा लगाएको

१२९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**कर्मचारीलाई मनोनयन पत्र जाँच्ने, मनोनयन पत्र सदर वा बदर वा खारेज गर्ने, मतगणना गर्ने, मतपत्र सदर वा बदर गर्ने र मतगणनाको परिणाम घोषणा गर्ने अधिकार बाहेक आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।"**

लालमोहर सदर मितिः- २०५३।११।३६

आज्ञाले,
**विनोदकुमार देवकोटा**
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

१२९५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।